**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु पुर्तगाल अनि स्लोवाकियाको चार दिने राजकीय यात्रामा भोलि प्रस्थान हुनुहुनेछ।
- प्रधानमंत्री नरेंद्र मोदीले आज रामनवमीको अवसरमा तमिलनाडुमा पम्बन रेल पुलको उद्घाटन गर्नुहुनेछ।
- आज देशभरिमै रामनवमी धार्मिक उत्साह अनि उमंगसित मनान्दै छ।
- भारतीय जनता पार्टीले आज आफ्नो स्थापना दिवस मनाईरहेको छ।
- वित्तमंत्री निर्मला सीतारामनले भन्नुभएको छ कि 'एक राष्ट्र, एक चुनाव' प्रणाली लागू भएको खण्डमा भारतको विकास दरमा 1.5 प्रतिशतको बढोत्तरी हुनेछ।

**राष्ट्रपति-पुर्तगाल यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु पुर्तगाल अनि स्लोवाकियाको चार दिने राजकीय यात्रामा भोलि प्रस्थान हुनुहुनेछ। उहाले पुर्तगालका राष्ट्रपति मार्सेलो रेबेलो डी सूसा सित भेंट गर्नुहुनेछ। यस अवधि प्रतिनिधिमंडल स्तरको वार्ता पनि हुनेछ। राष्ट्रपति मुर्मुले पुर्तगालका प्रधानमंत्री लुइस मोंटेनेग्रो अनि नेशनल असेंबलीका अध्यक्ष जोस पेड्रो अगुइर-ब्रैंको सित पनि भेट गर्नुहुनेछ।उहाले स्लोवाकियाका राष्ट्रपति पीटर पेलेग्रिनी अनि प्रधानमंत्री रॉबर्ट फिको सित द्विपक्षीय बैठक गर्नुहुनेछ।

****** ० ******

**प्रधानमंत्री - पम्बन उद्घाटन**

प्रधानमंत्री नरेंद्र मोदीले आज रामनवमीको अवसरमा तमिलनाडुमा पम्बन रेल पुलको उद्घाटन गर्नुहुनेछ। यो पुलले रामेश्वरमलाई मुख्य भूमिसित जोड्नेछ। दुई किलोमीटर लामो यो पुल वास्तुकलाको अद्भुत नमूना हो अनि देशको पहिलो वर्टिकल लिफ्ट भएको पुल हो। प्रधानमंत्री आज अपरान्ह श्रीलंकाबाट फर्किनु भएपछि यस पुलको उद्घाटन गर्नुहुनेछ।

****** ० ******

**रामनवमी**

आज देशभरिमै रामनवमी धार्मिक उत्साह अनि उमंगसित मनान्दै छ। यो त्योहार भगवान विष्णुको 7 ओ अवतार भगवान रामको अवतरणको प्रतीक हो। रामनवमी चैत्र महिनाको 9 ओ तिथिमा मनाईने गरिन्छ। रामनवमी भन्दा पूर्व नौ दिनको उपवास राख्ने गरिन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले देशवासिहरुलाई रामनवमीको शुभकामना दिनुभएको छ। उहाले भन्नुभयो कि भगवान रामको जीवन सत्य, धर्म अनि नैतिकताको मार्गमा हिड्न प्रेरणा दिंदछ। राष्ट्रपतिले भन्नुभयो – यो त्योहारले समर्पण अनि प्रतिबद्धताको साथमा मानवताको सेवाको संदेश दिंदछ। उहाले अझ भन्नुभयो कि यस अवसरले मानिसहरुलाई त्याग अनि निस्वार्थ प्रेमको मुल्यहरुलाई अपनाउनको लागि प्रेरित गर्दछ।

****** ० ******

**अयोध्या - राम नवमी**

भगवान श्रीरामको जन्मोत्सवमा आज विश्व भरि बाट श्रद्धालुहरु अयोध्या पुगिरहेका छन्। **श्रीराम जन्मभूमि तीर्थ क्षेत्र न्यास बोर्ड** ले राम नवमीलाई ध्यानमा राख्दै सुचारु व्यवस्था बनाई राख्न सबै प्रबंध गरेको छ।

**प्रधानमंत्री - श्रीलंका यात्रा- रेल परियोजनाएँ**

प्रधानमंत्री नरेंद्र मोदी अनि श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेले आज श्रीलंकाको अनुराधापुरामा महत्वपूर्ण रेलवे परियोजनाहरुको अनावरण गर्नुहुनेछ। दुवै नेताहरुले बहुप्रतीक्षित 'माहो-ओमानथाई' रेलवे लाइनको उद्घाटन गर्नुहुनेछ।

****** ० ******

**भाजपा-स्थापना दिवस**

भारतीय जनता पार्टीले आज आफ्नो स्थापना दिवस मनाईरहेको छ। यस अवसरमा भाजपा अध्यक्ष अनि केंद्रीय मंत्री जगत प्रकाश नड्डाले नयाँ दिल्ली स्थित भाजपा मुख्यालयमा पार्टीको झंडा फहराउनु हुनेछ। भाजपा का अनुसार, यस अवसरमा श्री नड्डा, पार्टीका बूथ कार्यकर्ताहरु सित पनि बातचीत गर्नुहुनेछ

****** ० ******

**सीतारमण - चेन्नई**

वित्तमंत्री निर्मला सीतारामनले भन्नुभएको छ कि 'एक राष्ट्र, एक चुनाव' प्रणाली लागू भएको खण्डमा भारतको विकास दरमा 1.5 प्रतिशतको बढोत्तरी हुनेछ। चेन्नईमा हिज एक संगोष्ठीमा उहाले भन्नुभयो – यसले देशको सकल घरेलू उत्पाद-**जीडीपी** मा पनि साढ़े चार लाख करोड़ रुपियाँको बढ़ोत्तरी हुनेछ। उहाले भन्नुभयो कि एकै साथ चुनाव गराउदा 12 हजार करोड़ रुपियाँको बचत हुनेछ अनि मतदान प्रतिशत पनि बढ्नेछ।

****** ० ******

**अमित शाह - जम्मू-कश्मीर दौरा**

गृहमंत्री अमित शाहले आज जम्मू-कशमीरमा सुरक्षा स्थितिको समीक्षा गर्नुहुनेछ अनि सुरक्षाकर्मिहरुसित बातचीत गर्नुहुनेछ। उहाले जम्मूमा भारतीय जनता पार्टीका विधायकहरुसित भेट गर्नुहुनेछ अनि एकीकृत मुख्यालय तथा श्री अमरनाथजी यात्रासित सम्बन्धित दुईवटा सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ।

****** ० ******

**भारत-रत्न निर्यात**

केंद्रीय उपभोक्ता मामला ,खाद्य एवं सार्वजनिक वितरण तथा नवीन एवं नवीकरणीय ऊर्जा मंत्री प्रहलाद जोशीले घोषणा गर्नुभएको छ कि वित्त वर्ष 2023-24 मा भारतको रत्न एवं आभूषण निर्यात 22 बिलियन अमेरिकी डॉलर रह्यो। हिज मुंबईमा अखिल भारतीय रत्न एवं आभूषण घरेलू परिषद (जीजेसी) द्वारा आयोजित इंडिया जेम एंड ज्वैलरी शो, जीजेएस 2025 मा उहाले भन्नुभयो कि बर्ष 2027 सम्म निर्यात 100 बिलियन अमेरिकी डॉलर सम्म पुग्ने अनुमान छ। केंद्रीय मंत्रीले भारतको रत्न एवं आभूषण क्षेत्रको ऐतिहासिक अनि आर्थिक महत्व माथि जोर दिनुभयो , जसले सकल घरेलू उत्पादमा लगभग सात प्रतिशतको योगदान दिंदछ अनि लगभग पांच मिलियन मानिसहरुलाई रोजगार प्रदान गर्दछ। उहाले शीर्ष हीरा निर्यातक अनि सुनको सबै भन्दा ठुलो उपभोक्ताको रूपमा भारतको वैश्विक नेतृत्वलाई पनि रेखांकित गर्नुभयो। श्री जोशीले यस क्षेत्रलाई बलियो बनाउनको लागि अनेक सरकारी पहलहरुको रूपरेखा प्रस्तुत गर्नुभयो जसमा 361 जिल्लाहरुमा भारतीय मानक ब्यूरो, बीआईएस अनिवार्य स्वर्ण हॉलमार्किंग, हॉलमार्किंग केन्द्रहरुमा वृद्धि अनि परीक्षण प्रक्रियाहरुको डिजिटल स्वचालन सामेल छन्।

****** ० ******

**वर्ल्ड बॉक्सिंग कप**

ब्राजिलमा जारी विश्व बक्सिङ कप २०२५ मा भारतका हितेश गुलियाले स्वर्ण पदक जितेका छन्। रेड कर्नरमा लडेर भारतीय बक्सरले फाइनलमा इंग्ल्यान्डका ओडेल कामारालाई पराजित गरे। भारतका अर्को बक्सर अभिनाश जमवालले पुरुषहरुको ६५ केजी बर्गमा रजत पदक जितेका छन्। यसअघि पुरुषहरुको ५५ केजी बर्गमा भारतका मनिष राठौरले कास्य पदक जितेका थिए।

****** ० ******

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा हिज राजस्थान रॉयल्सले पंजाब किंग्सलाई पराजित गरेको छ । राजस्थानले पहिले बल्लेबाजी गर्दै निर्धारित 20 ओवरमा 4 विकेट गुमाएर 205 रन बनाए। जवाबमा पंजाब किंग्स 9 विकेटमा 155 रन मात्र बनाउन सके । राजस्थानको लागि यशस्वी जायसवालले सर्वाधिक 67 रन बनाए। पंजाबको लागि लॉकी फर्ग्यूसनले 2 विकेट लिए। राजस्थानको तर्फ बाट जोफ्रा आर्चरले तीन विकेट लिए। आर्चरलाई **प्लेयर ऑफ द मैच** चुनियो । एक अन्य म्याचमा , डेल्ही कैपिटल्सले चेन्नई सुपर किंग्सलाई 25 रनले पराजित गरे । डेल्हीको 184 रनको लक्ष्यको जवाबमा चेन्नई सुपर किंग्सले 158 रन बनाउन सके ।

प्रतियोगितामा आज हैदराबादमा सनराइजर्स हैदराबादको भिडन्त गुजरात टाइटन्ससित हुनेछ । यो म्याच साझ 7 बजेर 30 मिनेट जाँदा शुरु हुनेछ । गुजरात तीन म्याचहरुमा 2 जीत पछि अंक-तालिकामा तेस्रो स्थानमा छ । हैदराबाद चार म्याचहरुमा केवल एक जीतको साथ तालिकामा सबैभन्दा तल छ ।

****** ० ******

**मौसम**

मौसम विज्ञान विभागले पश्चिम राजस्थान, सौराष्ट्र अनि कच्छमा आज भीषण गर्मी तथा हिमाचल प्रदेश, पूर्वी राजस्थान र गुजरातको केही स्थानहरुमा गर्मी को सम्भावना रहेको जनाएको छ । मौसम बिभागका अनुसार अण्डमान निकोबार द्वीपसमूह, केरला, माहे, तमिलनाडु, पुडुचेरी अनि कराईकलका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा गर्जनसाथ चट्याङ अनि हावाहुरी सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

****** ० ******

**म्यान्मार – मृत्यु दर**

म्यान्मारमा गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या तीन हजार ३५४ पुगेको छ भने दुई सयभन्दा बढी बेपत्ता बनेका छन्। भूकम्पको केन्द्रविन्दु मान्डाले पुगेका संयुक्त राष्ट्रसंघीय सहायता प्रमुख टम फ्लेचरले मानवीय तथा सामुदायिक संस्थाहरुले गरेको राहत कार्यको प्रशंसा गर्नु भएको छ। उहाले संयुक्त राष्ट्रसंघ यहाँ सहयोगका लागि आएको र विश्वले म्यान्मारका जनताको पक्षमा एकजुट हुनुपर्ने बताउनु भयो ।भारत र अन्य देशका उद्धार टोलीले उद्धारकार्यमा सक्रियतापूर्वक सहयोग गरिरहेका छन् । भारतले शनिबार 'अपरेसन ब्रह्मा' अन्तर्गत म्यानमारलाई थप ४४२ टन खाद्यान्न सहयोग गरेको छ । भारतीय नौसेनाको जहाज घडियालले ल्याएको उक्त सामग्री थिलावा बन्दरगाहमा आइपुगेको र म्यान्मारका लागि भारतीय राजदूत अभय ठाकुरले याङ्गोनका मुख्यमन्त्री यू सोइ थेनलाई औपचारिक रूपमा हस्तान्तरण गरेका थिए ।

****** ० ******